आज मिति २०८२/०४/३० गते शुक्रबारका दिन बिहान ११:०० बजे यस बंगलाचुली गाउपालिकाका अध्यक्ष श्री तुलसीराम पुन मगर ज्यूको अध्यक्षता एवं तपसिलको समुपस्थितिमा गाउँकार्यपालिका बैठक बसी तपसिल बमोजिमको प्रस्तावमाथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

श्री तुलसीराम पुन मगर	अध्यक्ष
श्री भक्त बहादुर बी.सी.	उपाध्यक्ष
श्री विष्णु कवर	१ नं वडाध्यक्ष
श्री मैते पुन मगर	२ नं वडाध्यक्ष
श्री शोभाराज विश्वकर्मा	३ नं वडाध्यक्ष
श्री डास बहादुर डाँगी	४ नं वडाध्यक्ष
श्री लिला बहादुर घर्ति	५ नं वडाध्यक्ष
श्री डोम बहादुर के.सी.	६ नं वडाध्यक्ष
श्री गिर बहादुर थापा	७ नं वडाध्यक्ष
श्री झविन्द्र बहादुर गाहा मगर	८ नं वडाध्यक्ष
श्री रमा कुमारी पुन मगर	कार्यपालिका सदस्य
श्री नारायणी गिरी	कार्यपालिका सदस्य
श्री चित्रा कुमारी दमाइ	कार्यपालिका सदस्य
श्री सुमा कुमारी घर्ति मगर	कार्यपालिका सदस्य
श्री गणेश विश्वकर्मा	कार्यपालिका सदस्य
श्री शबी राम कामी	कार्यपालिका सदस्य
श्री चन्द्रकान्त पौडेल (प्रमुख प्रशासकीय अधिकृत)	सचिव

आमन्त्रित :

श्री नारायण प्रसाद आचार्य (वरिष्ठ लेखा अधिकृत, बंगलाचुली गाउपालिका)

श्री नुमाकान्त कालाथोकी (अधिकृत सातौं, प्रशासन शाखा प्रमुख)

प्रस्तावहरु :

१. प्रदेश लोकसेवा आयोगमा रिक्त दरवन्दी अनुसारको कर्मचारी माग गर्ने सम्वन्धमा।

२. हरित जलवायु कोषको सहयोगमा कार्यान्वयन हुने पाँच वर्षे खाना पकाउने स्वच्छ उर्जा कार्यक्रममा साझेदारी गर्ने सम्वन्धमा ।

३. विविध सम्वन्धमा ।

निर्णय नं १ : प्रस्ताव नं १ माथि छलफल गर्दा प्रदेश लोक सेवा आयोगको च.नं. १८, मिति २०८२/०४/०६ गतेको प्राप्त पत्रानुसार यस बंगलाचुली गाउँपालिका कार्यालय र अन्तर्गत रिक्त रहेको प्रशासन सेवा, सामान्य प्रशासन समूह, वरिष्ठ प्रशासन सहायक (पाँचौ तह) अन्तर्गत ५ (पाँच) जना खुला र १ (एक) जना वढुवाको लागि प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ३ सँग सम्वन्धित अनुसूची –१ वमोजिमको माग आकृति फारम भरी कर्मचारी माग गर्ने निर्णय गरियो ।

निर्णय नं २ : प्रस्ताव नं २ माथि छलफल गर्दा हरित जलवायु कोषको सहयोगमा कार्यान्वयन हुने पाँच वर्षे खाना पकाउने स्वच्छ उर्जा कार्यक्रमको लागि गाउँपालिकाले आवश्यक रकम नियमानुसार लागत साझेदारी गर्ने निर्णय गरियो ।

चन्द्रकान्त पौडेल
प्रमुख प्रशासकिय अधिकृत